# तपाईंलाई निमन्त्रणा छ: *FP&M Physical Plant* को सहायक उपकुलपति उम्मेदवारहरूको प्रस्तुति

यस भूमिकाको लागि खोजी र मूल्याङ्कन समितिले चयन गरेको व्यक्तिले *Physical Plant* विभागको यी पाँच बेग्ला बेग्लै क्षेत्रहरूमा क्याम्पस सेवाको नेतृत्व गर्नेछन्:

- क्याम्पस नवीकरण सेवाहरू (*Campus Renovation Services*)
- परिसर व्यवस्थापन (*Facilities Management* )
- मर्मत र सञ्चालन (*Maintenance and Operations*)
- सेवाहरू (*Services*)
- बिजुली, पानी, आदि जनोपयोगी सेवा र ऊर्जा व्यवस्थापन (*Utilities and Energy Management*)

कार्यपदको लागि अन्तिम उम्मेदवारहरू पहिचान गरिएको छ र हरेक उम्मेदवारहरू अन्तर्वार्ताको लागि एक दिन शहरमा हुनेछन् । **व्यक्तिगत रूपको सार्वजनिक प्रस्तुति र प्रश्नोत्तर बैठकहरूमा उम्मेदवारहरूबाट सुन्न तपाईंलाई निमन्त्रणा पठाइएको छ ।** प्रस्तुतिहरू पछि उम्मेदवारहरू प्रतिको प्रतिक्रिया पेश गर्ने अवसर तपाईंले पाउनुहुनेछ ।

उम्मेदवारको नाम र बायोडाटाहरू हरेक बैठकको अघि go.wisc.edu/physical-plant वेबसाईटमा राखिनेछ । **प्रत्यक्ष सहभागिताको दृढतापूर्वक प्रोत्साहन गरिन्छ** तर अन्लाईन उपस्थितिको लागि प्रस्तुतिको दिन *Teams* को लिङ्क उपलब्ध हुनेछ ।

सार्वजनिक प्रस्तुतिहरू फेब्रुअरी १५ र २९ र मार्च ४ तारिखहरूको दिउँसो 1:30 बजे *Gordon Dining & Event Center* को दोस्रो तल्लामा आयोजना हुनेछन् ।

सुपरभाईजरको अनुमतिका साथ बैठकहरूमा उपस्थित हुन कर्मचारीहरू तलब पाउने तरिकाले उपस्थित हुन सक्नुहुनेछ (यदि प्रस्तुति कर्मचारीहरूको सामान्य कामको समयमा आयोजना भएमा) ।

सार्वजनिक प्रस्तुतिहरूमा भाषा अनुवादन सेवा हुनेछैनन् तर प्रत्येक उम्मेदवारहरूको लिखित बयानहरू अनुवाद गरिनेछ । उम्मेदवारहरूलाई आफ्नो पृष्ठभूमि, अनुभव र यस कार्यपदमा रुचिको संक्षिप्त सारांश प्रदान गर्न भनियो ।

## प्रस्तुतिको विषय

उम्मेदवारहरूलाई यी कुराहरूको बारेमा बताउन सोधियो:

- वहाँहरूको पृष्ठभूमि यस कार्यपदसँग सान्दर्भिक अनुभवहरू र यस कार्यपदप्रतिको रुची ।
- वहाँहरूको ग्राहक सेवा प्रतिको दृष्टिकोण र सिद्धान्त ।
- वहाँहरूले *FP&M* को रणनीतिक लक्ष्यहरूसँग पङ्क्तिबद्ध भएर *Physical Plant* टोलीलाई कसरी निर्माण र संलग्न गराउनु हुनेछ ।

## उम्मेदवारहरू

### Michael Pieper

- फेब्रुअरी १५, २०२४

- दिउँसो 1:30 बजे
- *Gordon Dining & Event Center* को दोस्रो तल्लाको *Concerto Room*
- Resume (PDF)

## Jim Bogan

- फेब्रुअरी २९, २०२४
- दिउँसो 1:30 बजे
- *Gordon Dining & Event Center* को दोस्रो तल्लाको *Symphony Room*
- Resume (PDF)

## Farrukh Bashir

- मार्च ४, २०२४
- दिउँसो 1:30 बजे
- *Gordon Dining & Event Center* को दोस्रो तल्लाको *Overture Room*
- Resume (PDF)
- *Teams* मार्फत सहभागी हुनुहोस्